वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ६ मिति: २०७९/११/०५

## भाग १

# शिक्षा ऐन, २०७४ (प्रथम संशोधन २०७९)

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको शिक्षा ऐन, २०७४ को प्रथम संशोधन गर्न वाञ्छनीय भएकोले,

मिति २०७९।११।०४ गतेको नगरसभाको दोस्रो बैठकले यो ऐनको प्रथम संशोधन स्वीकृत गरेको छ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भः**

(१) ऐनको नाम "शिक्षा ऐन,२०७४ (प्रथम संशोधन २०७९" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुने छ।

## परिच्छेद २

मुल ऐनको दफा ८ उपदफा २ मा देहाय अनुसार संशोधन गरिएको छ।

**दफा ८)**
**उपदफा २)** उपदफा १ बमोजिम निवेदन परेमा सो निवेदनउपर शिक्षा शाखा प्रमुख वा निजले खटाएको अधिकृत वा निरीक्षकबाट आवश्यक जाँचबुझ गराइनेछ । विद्यालय खोल्न तथा कक्षा थप गर्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी प्रत्येक बर्ष एक कक्षाका दरले नगर शिक्षा समितिले अनुमति दिनेछ।

**उपदफा ३** मा जुनसुकै कुरा उल्लेख भएता पनि परोपकार, कल्याणकारी कोष, सहकारी र सेवा भावको उद्देश्य राखी सञ्चालन भएका शैक्षिक संस्थालाई तह परिवर्तन नहुने गरी वडा शिक्षा समिति र नगर शिक्षा समितिको सिफारिशमा नगर कार्यपालिकाले थप कक्षाको अनुमति दिन सक्नेछ।

**दफा ३९**
उपदफा ६
दफा ८ को उपदफा १० बमोजिम अनुमति लिन र विद्यालय सञ्चालन गर्ने कुल विद्यार्थी भर्नाको कम्तिमा १० प्रतिशत असहाय, अनाथ र आर्थिक रुपमा विपन्न विद्यार्थीलाई निःशुल्क पठनपाठन गर्ने गरी अनिवार्य रुपमा प्रत्येक बर्ष नगरपालिकासंग सम्झौता गर्नुपर्नेछ।

आज्ञाले,
**नरहरी तिवारी**
प्रमुख प्रशासकीय अधिकृत